**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 19.12.2024**

---

***North Sikkim Road***

उत्तर सिक्किम स्थित मंगन चुङथाङको थेङ Tunnel मार्ग हिजोदेखि पुन खोलिएको छ।

गत वर्षको हिमनदी विस्फोट घटनादेखि यो सड़क बन्द थियो र वाहनहरू शिपगेर मार्गबाट ओहोर दोहोर गरिरहेका थियो।

हिजो ओयोजित कार्यक्रममा अन्यवाहेक मंत्री तथा लाचेन-मंगनका विधायक श्री साम्डुप लेप्चा उपस्थित हुनुहुन्थ्यो।

---

***NIT Tour Flag in***

राज्यपाल श्री ओमप्रकाश माथुरले आज राजभवनमा रास्ट्रिय एकता यात्रा NIT 2024-2025 का सहभागीहरूलाई स्वागत गर्नुभयो।

यसै महीना आठ तारीकदेखि शुरू भएको यात्रा हिजो समाप्त भयो।

भारतीय सेनाको त्रिशक्ति कोरद्वारा आयोजित यात्रामा पूर्व सिक्किमका दुर्गम सीमावर्ती गाउँहरू छांगु, थेगु, क्योङस्लाका विद्यार्थीहरूले नयाँ दिल्ली, देहरादुन, मसूरी, ऋषिकेश र कोलकाताको भ्रमण गरे।

ओपरेशन सदभावना प्रोजेक्ट अन्तर्गत यस यात्रामा तीनजना शिक्षकहरू सहित पैंतिसजना विद्यार्थीहरू सहभागी बने।

स्वागत कार्यक्रममा बोल्दै राज्यपालले सिक्किमको ग्रामीण क्षेत्रका विद्यार्थीहरूलाई यात्रामा संलग्न गराउने भारतीय सेनाको प्रयासको प्रशंसा गर्नुभयो र भन्नुभयो यो एक यात्रा मात्र नभएर रास्ट्रबारे जानकारी प्राप्त गर्ने अवसर हो।

सहभागी विद्यार्थीहरूले नयाँ दिल्ली भ्रमणवाट सपना साकार भएको अनुभव रहेको कुरो व्यक्त गर्नुभयो।

विद्यार्थीहरूको भनाइमा भारतीय सेनाको प्रशिक्षण केन्द्रको भ्रमण र सेनाहरूका कठोर तालिमको अवलोकनले उनीहरूलाई भारतीय सेनामा सामेल हुन प्रोत्साहन प्राप्त भयो।

राज्यपालले झण्डी हल्लाउनु भुएपछि रास्ट्रिय एकता यात्रा अधिकारिक रूपमा समाप्त भयो।

---

***Organic State Award***

पूर्वी र पूर्वोत्तर भारतमा वृहत यात्रामार्ट आठौं बंगाल यात्रा 2024 मा सिक्किम राज्यलाई विश्वकै पहिलो जैविक राज्य पुरस्कार प्रदान गरिएको छ।

सिलगढ़ीमा गत मंगलवारदेखि शुरू भएको तीन दिने लामो आठौं बंगाल Travel Mart आज सम्पन्न भयो।

हिजो आयोजित पुरस्कार वितरण समारोहमा राज्यका पर्यटन तथा नागरिक उड्डयन विभागका सचिव श्री प्रकाश छेत्रीले पुरस्कार ग्रहण गर्नुभयो।

केन्द्रीय पर्यटन मन्त्रालय र पश्चिम बंगाल पर्यटनको सहयोगमा कार्यक्रमको आयोजना पूर्वी हिमालय यात्रा तथा यात्रा संचालक संघले गरेको थियो।

पर्यटन मार्टमा देशका राज्यहरू गुजरात, राजस्थान, तेलंगाना, मध्यप्रदेश, आसाम, त्रिपुरा र ओडिसा अनि नेपाल पर्यटन बोर्ड र पोखरा पर्यटन परिषदले भाग लिएका थिए।

आफ्नो वक्तव्यमा राज्यका पर्यटन सचिवले सिक्किमको पर्यटन क्षमता र पर्यटनको विकासका लागि राज्य सरकारका भावी योजनाहरूबारे प्रकाश पार्नुभयो।

---

***RS Khelo India***

केन्द्र सरकारले भनेको छ खेलो इण्डिया योजना अन्तर्गत एक हजार दुई सय पचास खेलो इण्डिया केन्द्रहरूलाई मञ्जूरी दिइएको छ।

यीमध्ये एक हजार एकचालिस केन्द्रहरूलाई अधिसूचित गरिएकोछ।

राज्यसभामा आज एउटा प्रश्नको लिखित उत्तरमा केन्द्रीय युवा मामिला तथा खेल मन्त्री डा. मनसुख मांडवियाले भन्नुभयो सरकारले कैयौं योजनाहरूको माध्यमद्वारा खेल पूर्वाधारलाई सुदृढ़ बनाउनका लागि राज्यहरूलाई सहायता प्रदान गरिरहेछ।

---

***RS Sports***

भारतीय खेल प्रधिकरण एस ए आई ले देशभरिमा चौबिस रास्ट्रिय उत्कृस्टता केन्द्र सथापित गरेको छ।

राज्यसभामा आज केन्द्रीय युवा मामिला तथा खेल मन्त्री डा. मनसुख मांडवियाले एउटा प्रश्नको लिखित उत्तरमा बताउनु भए अनुसार वित्त वर्ष 2024-2025 मा सरकारले भारतीय खेल प्राधिकरणका क्षेत्रीय केनद्रहरू र खेलका लागि रास्ट्रिय उत्कृष्ट केन्द्रका निम्ति लगभग आठसय बाइस करोड़ रूपियाँ आवंटित गरयो।

---

***Womens Football Team***

सिक्किमको महिला फुटबल टीम उत्तराखण्डको हल्दवानीमा आयोजित हुने अड़तीसौं रास्ट्रिय खेल 2025 का लागि भएको छ।

सिक्किम फुटबल संघ सूत्र अनुसार 2023-2024 को हीरो नेशनल फुटबल च्याम्पियनशीप राज्य टीमको उत्कृस्ट प्रदर्शनको कारणले प्रतिस्ठित रास्ट्रिय खेल मा यो टिमले स्थान बनाएको हो।

अडतीस रास्ट्रिय खेल आगामी तीन फरवरीदेखि आरम्भ हुने सम्भावना छ।

---

***Selection trial SSA***

स्टेट स्पोटर्स एकाडमीमा फुटबल खेलाड़ीहरूलाई सामेल गराउने दिशातर्फ गान्तोक जिल्लाका लागि छनौट परीक्षण गान्तोकको पाल्जोर स्टेडियममा आजदेखि आरम्भ भएको छ।

एकाडमीमा तीसजना खेलाडीहरूलाई समावेश गर्न खेल तथा युवामामिला विभागद्वारा दिवसीय छनौट परीक्षण भइरहेछ।

आज पहिलो दिन एकसय पचास भन्दा धेरै युवा खेलाडीहरू उपस्थित रहे।

राज्य स्पोटर्स एकाडमीको स्थापना राज्य सरकारद्वारा दुइ हजार पाँच सालमा पाल्जोर स्टेडियममा गरिएको हो। एकाडमीले अहिलेसम्म अन्तर्रास्ट्रिय स्तरका खेलाडीहरू निर्मल छेत्री सञ्जु प्रधान र विकास जैरी जस्ता धेरै संख्यामा व्यवसायिक फुटबल खेलाडीहरू जन्माएको छ।

---